मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २०६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ जेठ ३१ गते बिहीवार (Thursday, 13 June 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## कम्बोडिया पठाउँछु भन्दै ठगी

**काठमाडौं, जेठ ३०।** वैदेशिक रोजगारीको नाममा अनलाइनमार्फत रकम ठगी गरेको अभियोगमा नागार्जुन नगरपालिका-४ सीतापाइला बस्ने १८ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ ।

विभिन्न सामाजिक सञ्जालको दुरूपयोग गरी पीडितहरूलाई वैदेशिक रोजगारीको लागि कम्बोडियामा ई-भिषामा पठाइदिने र त्यहाँ पुगेपछि वर्क भिषा गराईदिन्छु भन्दै प्रलोभनमा पारी आफ्नो बैंक खातामा ५ लाख रूपैयाँ पठाउन लगाई ठगी गरेको खुल्न आएपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनलाई काठमाडौं बानेश्वरबाट पक्राउ गरेको हो ।

## ‘मानवमा बर्डफ्लू’ को सङ्क्रमण पुष्टि

**काठमाडौं, जेठ ३०।** पश्चिम बङ्गालमा चार वर्षीय बच्चामा एच-९ एन-२ भाइरस पत्ता लागेपछि विश्व स्वास्थ्य सङ्गठनले भारतमा बर्डफ्लूको मानव सङ्क्रमण पुष्टि गरेको छ ।

भारतबाट पुष्टि भएको डब्ल्यूएचओलाई अधिसूचित एभियन इन्फ्लुएन्जा ए (एच-९ एन-२)को यो दोस्रो मानव सङ्क्रमण हो । पहिलो सन् २०१९मा पुष्टि गरिएको थियो । सङ्क्रमित बच्चा भने निको भई अस्पतालबाट डिस्चार्ज भइसकेका छन् ।

पश्चिम बङ्गालमा एभियन इन्फ्लुएन्जा भाइरसको मानव सङ्क्रमण सम्बन्धी खबर डब्ल्यूएचओका भारतका लागि अन्तर्राष्ट्रिय स्वास्थ्य नियमन अधिकारीबाट अधिसूचना प्राप्त गरेको डब्ल्यूएचओले प्रेस विज्ञप्तिमा जनाएको छ । श्वासप्रश्वासमा गम्भीर समस्या, बारम्बार उच्च ज्वरो र पेटमा ऐंठनका कारण बिरामीलाई स्थानीय अस्पतालको बाल स्याहार एकाइ (आईसीयू) मा भर्ना गरी उपचार शुरू गरिएको थियो ।

उनलाई फेब्रुअरी २८मा अस्पतालबाट डिस्चार्ज गरिएको थियो तर श्वासप्रश्वासको गम्भीर कष्टको पुनरावृत्तिपछि उनलाई अर्को सरकारी अस्पतालको बाल आईसीयूमा भर्ना गरिएको थियो भने मार्च ३मा उनलाई ट्युव राखेर औषधि दिने काम गरिएको थियो ।

विरामीको रगत तथा खकारको नमूनालाई कोलकाता

(बाँकी अन्तिम पृष्ठमा)

# ‘गिरी बन्धु टि इस्टेट राज्यको सम्पत्ति होइन’

**झापा, जेठ ३०।** गिरीबन्धु टि इस्टेट प्रा.(लि) का सञ्चालकले गिरीबन्धु टि इस्टेटका नाममा रहेको जमिन राज्यको सम्पत्ति नभएको बताएका छन् ।

बुधवार बिर्तामोडमा पत्रकार सम्मेलनको आयोजना गर्दै टि इस्टेटका नाममा रहेको निजी सम्पत्तिलाई राज्यको सम्पत्ति भनेर भ्रम छर्न खोजिएको भन्दै सञ्चालकले आपत्ति जनाएका हुन् ।

प्रा.(लि)का व्यवस्था निर्देशक छत्रबहादुर गिरीले आफ्ना बाबु बाजेले आर्जेको सम्पत्ति राज्यको नभएको र गिरीबन्धु टि इस्टेटको विषयलाई राजनीतिक बृत्तमा समेत ‘ट्रोल’ बनाएको भन्दै आपत्ति जनाए । भूमि सम्बन्धी ऐनको संशोधन गिरीबन्धु टि इस्टेटका लागि मात्रै नभएर हदबन्दी छुट पाएका सबै उद्योगका लागि भएको उनले प्रष्ट्याए ।

व्यक्तिको निजी सम्पत्तिलाई राजनीतिकरण गरेर विवाद उत्पन्न गराएको उनको आरोप छ । सर्वोच्चको माघ २४ गतेको फैसलाले गिरीबन्धु टी इस्टेटको ३ सय ४३ बिगाहा १९ कठ्ठा जमिनलाई स्थानान्तरण गर्ने केपी ओली सरकारको निर्णय उल्टाएको थियो ।




आफ्नो निजी सम्पत्ति सरकारलाई चाहिए नगरपालिका वा मालपोत कार्यालयको मूल्याङ्कनका आधारमा बेच्न आफूहरु तयार रहेको बताएका गिरीले सर्वोच्च अदालतले गरेको फैसलाका आधारमा बगान स्थानान्तरणको सुनिश्चितता गर्न आफूहरू तयार भएको बताएका छन् ।

केपी ओली सरकारको नेतृत्वको पालामा संसदबाट भूमि सम्बन्धी ऐन संशोधन भएको जनाउँदै गिरीले त्यसमा कुनै नेताको नाम जोड्न आवश्यक नभएको र त्यो प्रक्रियासम्मत भएको स्पष्ट पारे ।

गिरीले सर्वोच्च अदालतको आदेश अनुसार आवश्यक मापदण्ड पूरा गरी जग्गा सट्टापट्टा गर्ने प्रक्रिया तत्काल अगाडि बढाउने जनाएका छन् । भूमि सम्बन्धी ऐन र नियम मिचेर जग्गा सट्टापट्टाको लागि निवेदन नगरेको बताउँदै बगान व्यवस्थापनले सर्वोच्च अदालतले केही प्राविधिक विषयहरू मात्रै औंल्याएको जनाएको छ ।

२०२१ सालमा भूमि सम्बन्धी ऐन लागू हुनुअघि नै गिरीबन्धुले चिया खेती विस्तार गरेको सञ्चालक गिरीले बताए । हदबन्दी छुटमा ५ सय विगाह जग्गा राख्ने अनुमति पाएको भए पनि हाल गिरीबन्धुको नाममा ३ सय ९० विगाह जग्गा रहेको उनले बताए । उनले बिर्तामोड शहरी रुपमा बिकास भइरहेकोले चिया बगान स्थानान्तरण गर्न आवश्यक रहेको बताए । शहर बढेसँगै चिया बगानमा लागूऔषध प्रयोगकर्ता बढ्दै गएको र विभिन्न प्रकारका विषादि तथा मलखादका कारण मानव स्वास्थ्यमा गम्भीर समस्या हुने भएकाले पनि चिया बगान स्थानान्तरण गर्न आवश्यक रहेको बताए ।

हाल चिया बगान वार्षिक करोडौं रुपैयाँ घाटामा गएका बेला सरकारले निकास नदिने हो भने क्षतिपूर्ति दिएर उक्त जग्गा राज्यले लैजान गिरीले चुनौति समेत दिए । उनले भने- ‘बिर्तामोडमा कि चिया बगान हुन्छ कि शहर हुन्छ । दुवै चाहिँ सम्भव छैन । होइन चिया बगान नै चाहिन्छ भन्ने हो भने शहर सार्नुपर्छ । नत्र शहरको भीडमा चिया बगान सम्भव छैन ।’

चिया बगानमा प्रयोग हुने विभिन्न प्रकारका विषादि तथा मलखादका कारण मानिसको स्वास्थ्यमा गम्भीर समस्या निम्तिने भएर पनि शहरमा चिया बगान सम्भव नहुने गिरीले बताए । त्यस्तै, बगानमा अपराधजन्य क्रियाकलापहरु हत्या, बलात्कार, लागूऔषध प्रयोगकर्ताको अखडा बन्दै गएको गिरीको भनाइ छ ।

भूमिसुधार ऐन २०२१ लागू हुनुअघि २०२० सालमै स्वर्गीय शमशेर गिरीले बिर्तामोडको यही बगानबाट झापामा चिया खेतीको ढोका खोलेको उनको भनाइ छ । तत्कालीन

(बाँकी अन्तिम पृष्ठमा)

# वडाको मुख्य आम्दानी: भूमि र मालपोत कर

**काठमाडौँ, जेठ ३०।** राष्ट्रिय तथ्याङ्क कार्यालयले बुधवार सार्वजनिक गरेको राष्ट्रिय जनगणना २०७८को सामुदायिक प्रश्नावली अन्तर्गतको नतिजा अनुसार अधिकांश वडाको आम्दानीको स्रोत भूमि र मालपोत कर देखिएको छ ।

देशभर कूल छ हजार सात सय ४३ वडा रहेकामा पाँच हजार दुई सय ९४ वडा अर्थात् ७८.५ प्रतिशतको मुख्य राजश्वको स्रोत भूमि तथा मालपोत कर रहेको तथ्याङ्क कार्यालयले जनाएको छ । प्रमुख राजश्व स्रोतका रुपमा सेवा दस्तुर चार हजार छ सय ५८ वडा अर्थात् ६९.१ प्रतिशत बराबर रहेको छ । सम्पत्ति कर तीन हजार छ सय आठ अर्थात् ५३.५, व्यवसाय कर तीन हजार पाँच सय ५६० वडा अर्थात् ५२.८ प्रतिशत रहेको देखिएको छ ।

घरबहाल कर दुई हजार दुई सय १५ वडा अर्थात् ३२.८ र घरजग्गा रजिस्ट्रेसन कर दुई हजार एक सय ६९ अर्थात् ३२.२ प्रतिशत रहेका छन् । दण्ड जरिवाना, सवारीसाधन, मनोरञ्जन र अन्य कर समेत रहेका छन् । तथ्याङ्क कार्यालयको प्रतिवेदनअनुसार देशभरका दुई हजार नौ सय अर्थात् ४३ प्रतिशत वडामा गैरकृषि उत्पादन हुने गरेको देखिएको छ । गैरकृषि उत्पादन सबैभन्दा बढी हुने प्रदेशमा गण्डकी ५१.८ र बागमती ४६.८ प्रतिशत रहेको छ । वडाबाट हुने निकासीको अवस्था हेर्दा सबैभन्दा धेरै नदीजन्य वस्तुको निकासी हुने गरेको देखिन्छ । वडाबाट निकासी हुने वस्तुमा नदीजन्य उत्पादनले पहिलो स्थान अर्थात् ५२.७ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ । वडाहरुले बढी निकासी गर्ने वस्तुमा दोस्रो, तेस्रो र चौथो स्थानमा क्रमशः औद्योगिक वस्तु १२,




काठ-दाउरा ११.८ र माटो/इँटा ५.६ प्रतिशत रहेका छन् ।

प्रदेश तहको तथ्याङ्क अनुसार सातवटै प्रदेशमा नदीजन्य उत्पादनले पहिलो स्थान लिएको छ । दोस्रो र तेस्रो स्थानमा भने प्रदेशअनुसार काठजन्य, औद्योगिक वस्तु, माटो/ इट्टा, मसलाजन्य वस्तु र जडीबुटीले लिएको देखिन्छ । कार्यालयको प्रतिवेदन अनुसार देशभरका ३१.७ प्रतिशत वडामा मात्र सार्वजनिक शौचालय सुविधा रहेको देखिएको छ भने बाँकी ६८.३ प्रतिशतमा सार्वजनिक शौचालय छैन ।

सबैभन्दा धेरै ४९.५ प्रतिशत सार्वजनिक शौचालय गण्डकी प्रदेशमा पाइयो भने सबैभन्दा कम ३१.१ प्रतिशत सुदूरपश्चिम प्रदेशमा रहेको देखिन्छ । स्थानीय सरकार र राज्यको खुला दिसामुक्त अभियानको प्रभावकारिता न्यून देखिँदा पर्याप्त सार्वजनिक शौचालय निर्माण हुन नसकेको देखिएको हो । बधशालालाई शहरी क्षेत्रको सरसफाई र स्वास्थ्य सचेतनाका दृष्टिले महत्वपूर्ण पूर्वाधार मानिन्छ । देशभरका कूल वडामध्ये केवल नौ दशमलव एक प्रतिशतमा मात्र बधशाला रहेको छ । बधशालाको संख्या लुम्बिनी र बागमतीका करिब १० प्रतिशत वडामा मात्र रहेको देखियो भने सुदूरपश्चिममा करिब ७ प्रतिशत वडामा मात्र रहेको देखियो । औसतमा नेपालका ९१ प्रतिशत वडामा बधशाला रहेको देखिएन ।

देशभरका छ हजार सात सय ४३ वडामध्ये प्रहरी कार्यालय चौकी दुई हजार चार सय ७५ वडा अर्थात् ३६.७ प्रतिशतमा रहेको छ । कुनै पनि प्रहरी कार्यालय चौकी नभएका वडा ६३.३ प्रतिशत छन् । देशभरमा चार हजार दुई सय ६८ वडामा प्रहरी कार्यालय चौकी नभएको तथ्यांकमा उल्लेख छ ।

देशभरमा वृद्धाश्रमको सुविधा भएको वडाको सङ्ख्या चार सय ३७ अर्थात् छ दशमलव पाँच प्रतिशत छन् । देशभरमा कुनै पनि वृद्धाश्रमको सुविधा नभएका वडा छ हजार तीन सय छ अर्थात् ९३.५ प्रतिशत छन् । प्रदेश अनुसार सबैभन्दा बढी बागमती प्रदेशका नौ दशमलव नौ प्रतिशत अर्थात् एक सय ११ वडामा बृद्धाश्रमको सुविधा छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा पाँच दशमलव चार प्रतिशत अर्थात् ३९ वडामा वृद्धाश्रमको सुविधा रहेका छन् ।

देशभरमा बालगृहको सुविधा भएको जम्मा वडा चार सय ३१ अर्थात् ६४ प्रतिशत छन् । देशभर कुनै पनि बालगृहको सुविधा नभएका वडाको संख्या छ हजार तीन सय १२ अर्थात् ९३.६ प्रतिशत छ । व्यवस्थित शवदाहस्थल/शव गाड्ने स्थलको सुविधा भएको वडा देशभरमा एक हजार सात सय ९० वडा अर्थात् २६ दशमलव पाँच प्रतिशत छन् । प्रदेशमा सबैभन्दा बढी गण्डकी प्रदेशमा ३५.३ प्रतिशत वडामा र कम सुदूरपश्चिम प्रदेशमा १२.१ प्रतिशत बडामा व्यवस्थितस्थल शव गाड्नेस्थलको सुविधा रहेको छ । कुनै पनि व्यवस्थित शवदाहस्थल शव गाड्ने स्थलको सुविधा

(बाँकी अन्तिम पृष्ठमा)

## गोठमा बालिकालाई करणी

**भोजपुर, जेठ ३०।** १४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा हतुवागढी-९ बस्ने २५ वर्षीय रिट्ठे भन्ने विशाल मगरलाई प्रहरीले पक्राउ गरेको छ ।

मगरले ती बालिकाको घर नजिकै रहेको गोठमा गत वैशाख ७ गते बेलुकी जबरजस्ती करणी गरेको र गर्भ समेत रहेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय भोजपुर समेतबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

बिशाल उपर पाँच दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

‘शिक्षा जीवनको ज्योति हो, जगाऔं सबै मिली’

**इन्द्रचन्द्र क्याम्पस**

विर्तामोड, झापाको मिति २०८१।०२।२९

**सूचना ! सूचना !! सूचना !!!**

यस इन्द्रचन्द्र क्याम्पस, बिर्तामोड-६, झापाको स्थापनाको ११औं वर्षको अवसरमा यस क्याम्पसमा अध्ययनरत जेहेन्दार, विपन्न, सीमान्तकृत, द्वन्द्व पीडित एवम् दलित विद्यार्थीहरुको शैक्षिक यात्रालाई उत्प्रेरणा प्रदान गर्ने तथा क्याम्पसमा भविष्यमा आइपर्न सक्ने विपद् व्यवस्थापनलाई समेत सम्बोधन गर्ने मूल उद्देश्यका साथ यस क्याम्पसमा विद्यार्थी कल्याण अक्षयकोष स्थापना गर्न लागिएको छ । यस अक्षय कोषमा आफ्नो मन, वचन र कर्मले सहयोग गर्न सम्पूर्णदाता महानुभावहरुमा सहर्ष जानकारी गराउदै यो सूचना प्रकाशित गरिएको छ ।

**प्रकाश दाहालः क्याम्पस प्रमुख**

# प्रेस वक्तव्य

गिरी वन्धु टि इस्टेट प्रा.लि. नेपालमा भूमि सुधारको व्यवस्था लागू हुनु अगावै मिति २०२०/०४/२६ मा स्थापित यस देशमा भएका ज्येष्ठ उद्योगहरुमध्येको एक उद्योग हो । यो उद्योग स्थापित हुँदा गिरी-वन्धु परिवारको नाममा रहेको निजी (नम्बरी) जग्गामा स्थापना भएको हो । देशमा २०२१ सालमा भूमिसुधार लागू भई सो पश्चात मात्र जग्गामा हदबन्दी लागू भएको हो । आफ्नो निजी जग्गा भएर पनि भूमि सम्बन्धी ऐनको पालना गर्दै गिरी-वन्धु टि इस्टेटले २०२९ सालमा आएर चिया खेती (बगान) को लागि हदवन्दी छुट लिएको हो । चिया बगान रहेको क्षेत्रमा भइरहेको बस्ती विकास र बजारीकरण समेतको कारणले चिया बगान सञ्चालनमा कठिनाई भइरहेको अबस्थामा सम्मानित संसदबाट पारित भइ लागू रहेको भूमि सम्बन्धी ऐनको आठौं संसोधनलाई आधार बनाई यस गिरी-वन्धु टि इस्टेटले नेपाल सरकारलाई जग्गा सट्टापट्टाको लागि निवेदन गरेकोमा यस गिरी-वन्धु टि इस्टेटलाई मिति २०७८/०१/१३ मा नेपाल सरकार, मन्त्रीपरिषद्बाट निर्णय भइ आवश्यक मापदण्ड पूरा गरी जग्गा सट्टापट्टा गर्ने इजाजत दिएको थियो ।

नेपाल सरकारको मिति २०७८/०१/१३ को निर्णय समेतको बिषयलाई लिएर विभिन्न मितिमा विभिन्न व्यक्तिहरुबाट यस गिरी-बन्धु समेतलाई विपक्षी बनाई सर्वोच्च अदालतमा रिट-निवेदन दर्ता गराएकोमा सम्मानित अदालतको संबैधानिक बेञ्चबाट मिति २०८०/१०/२४मा फैसला र आदेश भएको अवस्था छ। उक्त मिति २०८०/१०/२४ गते भएको फैसला र आदेशको प्रकरण नं. १२ हेर्दा रिट निवेदकहरुले जम्मा ३ वटा निम्न लिखित माग गरी मुद्दा दिएको देखिन्छः-

१) भूमि सम्बन्धि ऐन २०२१ को आठौं संसोधन तथा भूमि सम्बन्धि नियममा थपिएका प्रावधानहरु नेपालको संविधानमा रहेका प्रावधान प्रतिकूल छन् वा छैनन् ? उल्लेखित प्रावधान अमान्य घोषित गर्न पर्ने वा नपर्ने के हो ?

२) गिरी वन्धुले हदवन्दी छुट पाएको जग्गा सट्टा-पट्टा वा स्थानान्तरण गर्न स्वीकृति दिने नेपाल सरकार, मन्त्री परिषद्द्वारा भएको निर्णय लगायत काम कारवाही कानून अनुकूल छन् वा छैनन् ? उल्लेखित निर्णय बदर हुने वा नहुने के हो ?

३) रिट निवेदनको माग बमोजिम प्रत्यर्थीको नाममा उत्प्रेषण वा परमादेश, प्रतिशोध लगायतको आदेश जारी हुने हो वा होइन?

सो मिति २०८०/१०/२४ को फैसलाको प्रकरण नं. २० मा भूमि सम्बन्धि ऐन २०२१ को आठौ संसोधनले व्यवस्था गरेको प्रावधानहरु लगायत भूमि सम्बन्धी नियमका प्रावधानहरु नेपालको संविधानमा रहेको प्रावधानहरुसंग बाझिएको अवस्था नदेखिंदा, सो भूमि सम्बन्धि ऐन र नियममा रहेका संशोधित प्रावधानलाई अमान्य र बदर भनी घोषित गरि रहन परेन भनी व्याख्या भएको देखिन्छ । यसले गर्दा संशोधित ऐन तथा नियम बदर घोषित नभएको कुरा प्रष्ट नै छ ।

सोही फैसलामा गिरी-वन्धु टि इस्टेटले विद्यमान भूमि सम्बन्धि ऐन तथा नियम बमोजिम सट्टा-पट्टा (स्थानान्तरण) को लागि दिएको निवेदन उपर नेपाल सरकार, मन्त्रीपरिषद्ले मिति २०७८/०१/१३ मा ‘जग्गा सट्टपट्टा गर्न स्वीकृति दिने’ भनी गरेको निर्णय प्रकृयागत रुपमा त्रुटीपूर्ण रहेको ठहर गरेको छ । साथै सो मन्त्रीपरिषद्को निर्णय बदर गर्ने हदसम्मको लागि रिट जारी गरेको अवस्था देखिन्छ । अदालतको उक्त फैसलार आदेश हेर्दा मन्त्रिपरिषद्ले उक्त निर्णय गर्दा केही आधारभूत कुराको बिषयमा ध्यान नदिई निर्णय भएको (जस्तैः चिया बगान सञ्चालनको लागि सट्टाभर्ना दिने जग्गा नदेखाएको, चिया खेतीयोग्य जमिनको वातावरणीय प्रभाव मूल्यांकन नगरीएको, मजदुरहरुको रोजगारीको सुनिश्चतता नदेखिएको र मूल्यका दृष्टिले कुनै धारणासम्म बनाउन नमिल्ने जस्ता प्राविधिक कारण) भन्ने देखिएको छ । यस सम्बन्धमा केही प्रष्ट पार्नुपर्ने भएकाले यहाँहरु समक्ष यो प्रेस विज्ञप्ति जारी गरिएको छः

१) गिरी-वन्धु टि इस्टेटले भूमि सम्बन्धी ऐन र नियम मिचेर जग्गा सट्टा-पट्टाको लागि निवेदन गरेको र नेपाल सरकार, मन्त्री परिषद्ले समेत कानून बिपरीत निर्णय गरेको होइन तर मन्त्री परिषदबाट निर्णय गर्दा माथि उल्लेख भए अनुसारको प्रकृया सम्म नपुर्याएको भन्ने फैसला र आदेशमा उल्लेख भएको देखिन्छ ।

२) नेपाल सरकार, मन्त्री परिषद्ले निर्णय गर्दा पनि प्रचलित ऐन कानून र नियमको परिधिभित्र बसेर निर्णय गरेको हुनाले सो गर्दा सर्वोच्च अदालतले गिरी-वन्धुले पेश गरेको निवेदनमा आवश्यक पूर्वाधारहरु नदेखाएको भनी प्राविधिक कारणहरुले मात्र त्रुटिपूर्ण भएको भनी ठहर गरेको छ ।

३) मिति २०३० सालमा मात्र पूर्व-पश्चिम राजमार्ग निर्माण सम्पन्न भएको हो । यो कम्पनी २०२० मा नै स्थापित कम्पनी हो । यो कम्पनी गिरी-बन्धु परिवारको निजी जग्गामा चिया बगानको लागि प्रचलित कानून बमोजिम हदवन्दी सम्म छुट लिएको हो (यो जग्गा हाम्रो परिवारको निजी भएको प्रमाण हामीसंग सुरक्षित छ) । कम्पनी स्थापना हुँदा (६० बर्ष अगाडि) राजमार्गको अवधारणा समेत नबनेको हुँदा अहिले आएर महंगो जग्गा बेचेर सस्तो जग्गा खरिद गर्ने चलखेल भयो भन्दै झुठ्ठा र भ्रामक समाचारहरु केही प्रिन्ट, मिडिया तथा अनलाईन खबरहरुबाट प्रचार भइरहेको साथै सरकारले नै चिया खेतीको लागि गिरी-बन्धुलाई सित्तैमा सरकारी जग्गा दिएको जस्तो भ्रमपूर्ण र गलत प्रचारबाजी तथा घोच-पेचहरुमा तथा सामाजिक सञ्जालहरुमा सम्प्रेषण भइरहेको हुनाले यस कुराको वास्तबिकता नबुझी उल्लेख भएको देखिन्छ । यस्तो गलत तथ्य र अफवाहमा नलागी दिनुहुन अनुरोध छ ।

४) २०२० सालमा कम्पनी स्थापना गरी सञ्चालनमा आएको कारण सो ठाउँमा बस्ती विस्तार भई बिर्तामोड बजारको विकास भएको र यसरी बजारको विकास भएको कारण चिया बगान क्षेत्रमा समेत जबरजस्ती प्रवेश गर्ने चियाका बुट्टाहरु नास्ने मास्ने कार्य भएकाले चिया उत्पादनमा ह्रास आएको ब्यहोरा जानकारी गराइन्छ ।

५) हाल आएर तीब्र गतिमा विर्तामोड बजारको विकास भएको तथा बजार पूर्वतर्फ फैलिँदै गएको, बगानसंगै अस्पताल, बिद्यालय र तीब्र बजारीकरणको कारण चिया बगान क्षेत्रमा फोहोर मैला फाल्ने भएको, चियाका बुट्टाहरु काटी दाउराको रुपमा लैजाने गरेको, आत्महत्याको प्रकरण हुने गरेको, मृत जनावरहरु फाल्ने ठाउँ बनेको, किटनाशक औंषधि छर्नु परेको कारण स्थानीय मानिसहरुको स्वस्थ्यमा प्रतिकुल असर परेको र अन्ततः गाईवस्तु चराउने ठाउँ बन्न पुगेको अबस्थामा परिणत भएका कारण र एउटै स्थानमा लामो समयदखि चिया बगान रही माटोको उर्बरशक्तिमा ह्रास आएकाले चिया उत्पादनमा ७०% (सत्तरी प्रतिशत) सम्म ह्रास आएको अवस्था भएकाले चिया मजदुरको रोजीरोटीमा समेत समस्या थपिँदै गएको अबस्था छ ।

६) उल्लेखित अबस्था र परिस्थितिको कारण त्यस क्षेत्रबाट चिया बगान हटाउन निरन्तर जन दवाब आएको र स्थानीय जनताहरुसंग राजनीतिक दलका स्थानीय प्रतिनिधिहरु समेतको रोहबरमा छलफल हुंदा चिया बगान कायम राख्न तीब्र बिरोध आएको कारण उक्त क्षेत्रबाट चिया बगान हटाउनु नै उपयुक्त हुने टुंगोमा पुगेर नै उपयुक्त ठाउँमा चिया बगानको ब्यवस्था गर्ने गरी, जग्गा सट्टा-पट्टाको लागि निवेदन गरिएको हो ।

७) सम्मानित अदालतबाट समेत चिया बगानको लागि सट्टा-भर्नाको जग्गाको सुनिश्चतता, मजदुरको रोजीरोटीको समस्याबाट बञ्चित नगर्ने, सट्टा-भर्ना लिने जग्गाको मूल्यको आधार र चिया उत्पादनको लागि हदबन्दी छुट लिएकाले सोही प्रयोजनमा प्रयोग गर्नुपर्छ भनिएकाले आवश्यक प्रकृया पूरा गरेर यो सबै बिषयको सुनिश्चतता गरेर नै उपयुक्त निर्णयमा यस गिरी-बन्धु टि इस्टेट पुग्ने कुराको जानकारी गराउँदछौं ।

**अन्तमा बिभिन्न अफवाह, भ्रम र राजनीतिक खिचातानीको बिषय यसलाई नबनाउनु हुन बिनम्र अनुरोध गर्दछौं । धन्यवाद ।**

**गिरी-बन्धु टि इस्टेट प्रा.लि.**

### प्रदेश सरकारको सहयोग

# मेची प्रादेशिक अस्पतालको सेवा सुधार

## जनशक्ति र पूर्वाधार अझै अपर्याप्त

**अर्जुन राजवंशी**

**झापा, जेठ ३०।** भिडियो एक्स-रे को रिपोर्ट आउन पहिले छिटोमा तीन दिन लाग्थ्यो । सीटी स्क्यान हप्तामा दुई दिन मुस्किलले गरिन्थ्यो । रोग नै नलागेका मानिसलाई पनि अनेकौं रोग लागेको ल्याब रिपोर्ट प्राप्त हुन्थ्यो ।

दुई वर्ष अघिसम्म झापाको भद्रपुरस्थित मेची प्रादेशिक अस्पतालमा यस्तै हुन्थ्यो । सामान्य सरसफाईमा पनि ध्यान दिइँदैन थियो । हप्तौंसम्म फोहोर उठ्दैनथ्यो । अस्पताल परिसर दुर्गन्धित थियो ।

डाक्टर र कर्मचारी कति बेला आउने र कति बजेसम्म बस्ने भन्ने पनि निश्चित हुँदैनथ्यो । त्यही मेची प्रादेशिक अस्पताल अहिले फेरिएको छ । पहिलेको त्यस्तो अनुभव भएका जोकोही अचेल अस्पताल पुग्यो भने धेरै फरक अवस्था पाउँछन् । अस्पतालको सेवा प्रवाहमा पहिलेभन्दा धेरै सहजता आएको अनुभव गर्न सकिन्छ ।

कोशी प्रदेश सरकारको निगरानी र नियमित अनुगमन हुन थालेपछि अस्पतालको सेवा प्रवाहमा सुधार आएको छ । बिरामीले सीटी स्क्यान र भिडियो एक्स-रेको सेवा दैनिक पाउन थालेका छन् । ल्याब रिपोर्टमा हुने कमजोरी सुधार भएको छ । अस्पताल परिसरमा नियमित सरसफाई हुन थालेको छ ।

पहिले अस्पतालमा अत्यावश्यक सुविधा र पूर्वाधारहरु थप्नका लागि केन्द्रको मुख ताक्नुपर्ने अवस्था थियो । पटक-पटक ताकेता गर्दा पनि हत्तपत्त सहयोग पाउन मुस्किल पर्ने अवस्था मुलुक संघीय संरचनामा गएसँगै फेरिएको छ । प्रदेश सरकारले आफ्नो क्षेत्रमा पर्ने स्वास्थ्य, शिक्षालगायत क्षेत्रका लागि भरथेग गर्न थालेकाले पहिलेजस्तो समस्या छैन । त्यही कारण पनि मेची प्रादेशिक अस्पतालको अवस्था पछिल्लो समय सुधार हुँदै आएको हो ।

साबिकको मेची अञ्चलका चार जिल्ला झापा, इलाम, पाँचथर र ताप्लेजुङका बासिन्दालाई लक्षित गरी स्थापना गरिएको अस्पतालबाट दैनिक ७ सयभन्दा बढी बिरामीले बहिरंग विभाग (ओपीडी) बाट सेवा लिइरहेका छन् । जसमा ७५ प्रतिशत बिरामीले बीमाको सुविधा लिने गरेको अस्पताल प्रशासनले जनाएको छ । साबिकको मेची अञ्चल अस्पतालबाट प्रादेशिक अस्पतालमा रुपान्तरण भएपछि अस्पतालमा केही महत्वपूर्ण सेवाहरुको विस्तार भएको छ ।

प्रदेश सरकारको लगानीमा अस्पतालबाट सीटी स्क्यान सेवा शुरु भएको छ । करिब ५ करोड रुपैयाँको लागतमा प्रदेशकै ठूलो सीटी स्क्यान मेसिन जडान गरिएको छ । जापानी कम्पनीको उक्त मेसिनबाट दैनिक १० जनाभन्दा बढी बिरामीले सेवा लिने गरेको अस्पतालका सूचना अधिकारी मनोज पोखरेलले जानकारी दिए ।

प्रदेश सरकारको लगानीमा मेची प्रादेशिक अस्पतालमा




फिजियोथेरापी सेवा समेत शुरु भएको छ । करिब एक वर्षदेखि अस्पतालबाट फिजियोथेरापी सेवा दिन थालिएको पोखरेलले बताए । उनका अनुसार करिब ५० लाख रुपैयाँ बजेट खर्च गरी फिजियो सेवा शुरु गरिएको हो । सहायक फिजियोथेरापिष्टको सहयोगमा हाल दैनिक १० जनाभन्दा बढीले उक्त सुविधा लिने गरेका छन् ।

प्रदेश सरकारले १० वर्षमुनिको बालबालिकाको उपचार निःशुल्क गरेपछि अस्पतालमा सेवा लिन आउने बिरामीको संख्या बढेको छ । पहिले बालबालिकाहरु बिरामी पर्दा अन्यत्र जाने चलन रहेकोमा अब भने मेची अस्पतालकै भर पर्न थालेका छन् ।

बालबालिकाको उपचारका लागि बालरोग विशेषज्ञहरु उपलब्ध छन् । विशेषज्ञद्वारा सेवा दिन थालेपछि हाल १० वर्षमुनिका दैनिक ४० भन्दा बढी बिरामीले ओपीडी सेवा लिने गरेका छन् । त्यस्तै, उक्त सुविधा लिन दैनिक करिब १० जना बिरामी अस्पतालमा भर्ना समेत हुने गरेको अस्पतालको तथ्यांकमा उल्लेख छ ।

प्रदेश सरकारले मेची प्रादेशिक अस्पताललाई सुविधा सम्पन्न एम्बुलेन्स र शव बाहन समेत उपलब्ध गराएको छ । अस्पतालमा यसअघि शव बाहन थिएन । एक वर्षयता प्रदेश सरकारले उपलब्ध गराएको शव बाहनले सेवा प्रदान गरिरहेको छ । अस्पतालमा रहेको एम्बुलेन्स पुरानो भएर चलाउन नसक्ने भएपछि प्रदेश सरकारले करिब दुई वर्षअघि वातानुकूलित (एसी) सुविधासहितको एम्बुलेन्स अस्पताललाई उपलब्ध गराएको हो ।

प्रदेश सरकारले मेची प्रादेशिक अस्पतालमा बायोमेडिकल हब पनि स्थापना गरेको छ । यसै वर्ष स्थापना भएको बायोमेडिकल हबका लागि एकजना बायोमेडिकल इञ्जिनियर तथा एक जना सहायक इञ्जिनियर समेत नियुक्त गरिएको छ । उक्त हबबाट प्रदेश सरकार अन्तर्गतका अस्पतालहरुमा बिग्रिएका उपकरणहरुको मर्मत सम्भार गर्ने गरिन्छ ।

प्रदेश सरकारले चालूआर्थिक वर्षमा मेची प्रादेशिक अस्पताललाई मेडिकल उपकरण खरिदमा २ करोड रुपैयाँ बजेट समेत उपलब्ध गराएको छ । त्यस्तै, फर्निचर खरिदका लागि चालूवर्ष थप ५० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । उक्त बजेट प्रक्रियागत रुपमा खर्च गर्ने गरी आवश्यक प्रक्रिया शुरु गरेको अस्पतालका सूचना अधिकारी पोखरेलले जानकारी दिए ।

अस्पतालको पुँजीगत तथा चालू खर्चका लागि प्रदेश सरकारले वार्षिक २० देखि २२ करोड बजेट उपलब्ध गराउने गरेको छ । करिब २० करोड आन्तरिक आम्दानी गर्ने अस्पतालबाट अति विपन्नवर्गले स्वास्थ्य सुविधा लिने गरेका छन् । भद्रपुर-८ स्थित प्रादेशिक अस्पतालको नाममा १२ बिघा ६ कठ्ठा १३ धुर जमिन रहेको छ ।

करिब ५० वर्ष पुराना भवनबाट सेवा दिँदै आएको अस्पतालमा १ सय १० शैय्या सञ्चालनमा छन् । यद्यपि, मेची प्रादेशिक अस्पताल ५० शैय्या मात्र स्वीकृत भएको अस्पताल हो । १ सय ३ जना दरबन्दी रहेको अस्पतालमा ४८ जना मात्र दरबन्दीका स्वास्थ्यकर्मी कार्यरत छन् । एक जना मेडिकल सुपरिटेन्डेन्टको दरबन्दी भएपनि उक्त पद रिक्त रहेको छ ।

२१ जना मेडिकल कन्सलट्यान्टको दरबन्दी रहेकोमा दरबन्दी अनुसार ५ जना मात्र डाक्टर कार्यरत रहेका छन् । १८ जना स्टाफ नर्सको दरबन्दीमा १६ जना मात्र दरबन्दी अनुसार स्टाफ नर्स कार्यरत रहेको अस्पतालले उपलब्ध गराएको सूचनामा उल्लेख छ ।

अस्पतालमा चिकित्सकसहित २ सय ६८ जना कर्मचारी कार्यरत छन् । जसमा छात्रवृत्ति करारबाट १४ जना, अस्पताल विकास समिति करारबाट ५५ जना, अस्पताल विकास समिति स्वयम्सेवकबाट ५ जना, अस्पताल विकास समिति स्थायीबाट १३ जना, अस्पताल विकास समितिबाट दैनिक ज्यालादारी ४४ जना, स्थायी र काजसहित ४७ जना तथा प्रदेश करारबाट ९० जना कार्यरत छन् । 'पहिलेभन्दा धेरै कुरामा सुधार भएको छ । तर, अझै पनि बिरामीको चाप अनुसार अस्पतालले आफ्नो सेवा सुविधा बिस्तार गर्न सकेको छैन'- स्थानीय शिवराज राजभण्डारीले भने- 'हाम्रो क्षेत्रको लागि यो अस्पताल निकै महत्वपूर्ण छ । तर, सरकारले वर्षौंसम्म डाक्टर र भौतिक विकास नगरिदिँदा हामीले पाउनुपर्ने धेरै सुविधाहरु प्राप्त गर्न सकेका छैनौं ।'

दुई वर्षअघि अस्पतालको गुणस्तरीय सेवा तथा भौतिक विकासलगायत ३५ बुँदे माग राखेर स्थानीय बासिन्दा आन्दोलित बनेका थिए । अस्पताललाई सेवामुखी भन्दा पनि राजनीतिक भर्ती केन्द्र बनाएको स्थानीयको आरोप थियो । अस्पताल सुधार दबाब समिति नै गठन गरेर आन्दोलनमा उत्रिएका स्थानीयको दबाबका कारण अस्पतालले धेरै व्यवस्थापकीय कमजोरीहरु सुधार गरेको छ । कोशी प्रदेश सरकारले मेची प्रादेशिक अस्पताललाई ५० बेडबाट स्तरोन्नति गर्दै २ सय शैय्याको बनाउने निर्णय गरिसकेको छ । उक्त निर्णय अनुसार जनशक्ति व्यवस्थापन तथा भौतिक विकासको काम भने गर्न बाँकी रहेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रामबाबु खड्काले बताए । उनका अनुसार पुरानो भवनबाट अस्पताल सञ्चालनमा रहेकाले शैय्या संख्या थपेर सेवा सुविधा दिन कठिनाइ भइरहेको छ ।

मेची प्रादेशिक अस्पतालबाट इमरजेन्सी सेवा, शल्यक्रिया सेवा, बालरोग सेवा, स्त्री तथा प्रसूति सेवा, हाडजोर्नी सम्बन्धी सेवा, फार्मेसी सेवा, प्याथोलोजी सेवा, सिटी स्क्यान सेवा, एक्स-रे सेवा, ओसीएमसी सेवा, एआरटी सेवा, ओएसटी सेवा, सातामा दुई पटक साधारण आँखा उपचार, इएनटी, दन्त सेवा, लगायत सेवाको दैनिक ओपीडी तथा उपचार गर्ने गरिन्छ ।

अस्पतालबाट आर्थिक वर्ष २०७८/०७९मा एक लाख ३५ हजार ६ सय ३९ जना बिरामीले ओपीडी सेवा लिएका थिए । आर्थिक वर्ष २०७९/०८० मा एक लाख ४९ हजार ८५ जना तथा चालूवर्षको पुस मसान्तसम्म ५५ हजार ७२ जनाले ओपीडी सेवा लिएको तथ्यांक अस्पताल प्रशासनले उपलब्ध गराएको छ ।

उक्त तथ्यांक अनुसार आ.व. २०७८/०७९ मा २४ हजार २२ जना, आ.व २०७९/०८० मा २७ हजार ९ सय ५६ तथा चालू वर्षको पुस मसान्तसम्म १० हजार ६ सय ४१ जनाले आकस्मिक सेवा लिएका छन् ।

प्रादेशिक अस्पतालका लागि नजिकै नयाँ भवन निर्माण गरिएको छ । शहरी विकास तथा भवन निर्माण कार्यालयले भ्याटसहित २४ करोड ६२ लाखको बजेटमा अस्पताल भवन निर्माण गरेको छ । २०७४ कात्तिकमा ठेक्का लागेको उक्त भवन काठमाडौंको श्री कन्टेक प्रा. लि. ले निर्माण गरेको हो ।

तर, भवन कमसल बनेपछि अहिलेसम्म अस्पताल प्रशासनलाई हस्तान्तरण गरिएको छैन । अस्पताल भवन कमसल भएको साथै पानी चुहिएपछि स्थानीय बासिन्दाले विरोध जनाएका थिए । उक्त विषयमा अस्पताल प्रशासन तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको समेत ध्यानाकर्षण भएपछि ठेकेदार कम्पनीले पानी चुहिएको ठाउँमा पुनः निर्माण कार्य गरिरहेको छ ।

'पुरानो भवन जीर्ण छ । जति सरसफाई गरेपनि पुरानैजस्तो देखिन्छ । बेड थप्न मिल्ने अवस्था छैन'- मेडिकल सुपरिटेन्डेन्ट डा. खड्काले भने- 'नयाँ भवनमा सर्ने हतारो गरिरहेका छौं । ठेकेदारले निर्माण सकेर जिम्मा दिनासाथ अस्पताल सार्ने कार्यमा लाग्छौं ।'

पर्याप्त र व्यवस्थित भवन अनि जनशक्ति अभावमा अस्पतालले भेन्टिलेटर सहितको आईसीयू सुविधा बढाउन सकेको छैन । 'बेड थप्ने ठाउँ पनि छैन । सेवा गर्ने पर्याप्त जनशक्ति पनि छैन'- उनले भने- 'अहिले जेनतेन ३ वटा आईसीयू बेड चलाइरहेका छौं । बेड अभावमा १० वटा भेन्टिलेटर स्टोरमै थन्काएर राख्नु परेको छ ।'

करिब १२ विगाहा क्षेत्रफलमा रहेको मेची तत्कालीन मेची अस्पतालको स्थापना वि.सं. २०१५ सालमा भएको हो । प्रारम्भिक चरणमा २५ शैय्याको अस्पताल रहेकामा २०३४ सालमा स्तरोन्नति गरी स्वीकृत बेड संख्या ५० पुगेको थियो । साविक 'मेची अञ्चल अस्पताल' का रुपमा चर्चित यो अस्पतालको नाम फेरिएर 'प्रादेशिक अस्पताल' भएको हो । मुलुक संघीय संरचनामा गएपछि यसलाई प्रादेशिक अस्पतालमा रूपान्तरित गरिएको हो ।

अस्पतालमा दैनिक करिब औसत नौ सय बिरामीले ओपीडी सेवा लिने गरेका छन् भने आकस्मिक सेवामा ५० भन्दा बिरामी भर्ना हुने गरेका छन् । अस्पतालमा आएका सेवाग्राहीहरु मध्ये ७० प्रतिशतले स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत उपचार गराउँदै आएका छन् ।

अस्पतालमा २ अक्सिजन प्लान्ट, १३ मिर्गौला डायलासिस मेसिन, ३ आइसीयू बेड र २५ एचडीयू बेड सञ्चालनमा रहेको छ । त्यस्तै सिटीस्क्यान, अल्ट्रासाउन्ड, इन्डोस्कोपी लगायतका सेवा अस्पतालमा उपलब्ध छ ।

प्रदेश सरकारमातहत आएपछि अब यसलाई मेडिकल कलेजको अवधारणाका साथ अघि बढाउने कुरा पनि उठेको छ । कोशी प्रदेशका हालका मुख्यमन्त्री हिक्मतकुमार कार्की आन्तरिक मामिला तथा कानूनमन्त्री रहेका बेला मेची प्रादेशिक अस्पताललाई व्यवस्थित र सुविधासम्पन्न बनाएर मेडिकल कलेज बनाउने बताएका थिए ।

### गिरी बन्धु ...

सरकारले चिया खेतीका लागि ५०० विगाहसम्म जग्गा हदबन्दी छुट दिएको बताइएको छ ।

शमशेर गिरीकै अगुवाइमा गिरीवन्धु टी इस्टेट ३९० विगाहमा विस्तार भयो । गिरीबन्धुले उत्पादन गरेको चियाको चमक देखेर इलाम र झापामा थुप्रै चिया बगान खुले । गिरी परिवारका सदस्यहरु नेपालमा चिया खेतीको प्रवर्द्धक आफ्नै बुवा भएको दाबी गर्छन् ।

बढ्दो शहर बजारका कारण चिया बगान मासिँदै गएको र उद्योगले बार्षिक १ करोड १७ लाख रुपैयाँ घाटा व्यहोरी रहेको उद्योगका निमित्त प्रवन्धक सन्तकुमार राईले जानकारी दिए । उनका अनुसार बगानमा दैनिकजसो २५ बढी लागूऔषध प्रयोगकर्ता आउने भएकाले असुरक्षा समेत बढेको छ ।

सर्वोच्च अदालतले हालसालै गरेको फैसलालाई पालना गर्दै निकास खोज्ने काम भइरहेको अर्का सञ्चालक नवीन गिरीले बताए । उनले एकै ठाउँमा धेरै जग्गा पाउन गाह्रो हुने भएकाले विभिन्न व्यक्तिहरूसँगको सहकार्यमा जग्गा व्यवस्थापन गरिने उनले बताए । जग्गा सट्टापट्टाका लागि धेरै जग्गा किन्नुपर्ने भएकाले आर्थिक कारोबार नगरी सम्भव नहुने उनको भनाइ छ ।

पत्रकार सम्मेलनमा सञ्चालक भरतलाल गिरी, प्रशान्त गिरी, श्याम गिरी, समिर गिरीलगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको सहजीकरण सञ्चारकर्मी चन्द्रकान्त ढकालले गरेका थिए ।

### वडाको ...

नभएका वडा ७३.५ प्रतिशत छन् । जनगणनामा सङ्कलन गरिएको विवरण अनुसार वडाका स्वास्थ्य संस्थामा उपलब्ध विभिन्न सुविधामध्ये सबैभन्दा बढी खोप सेवा ९५.२ प्रतिशत अर्थात् छ हजार चार सय १८ वडामा रहेको छ ।

सबैभन्दा कम सर्पदंश उपचार सेवा १२ प्रतिशत अर्थात् आठ सय नौ वडामा मात्र उपलब्ध छ । नेपालमा १७ हजार पाँच सय ९३ टोल बस्ती तथा गाउँ रहेको देखिएको छ । वडाको केन्द्रबाट सबैभन्दा टाढाको गाउँबस्तीसम्म पुग्नको लागि प्रयोग गरिने सवारी साधनमध्ये सवारी साधन र पैदल दुवै प्रयोग हुने देशभरिका वडा चार हजार आठ सय ६४ अर्थात् ७२.१ प्रतिशत रहेका छन् । सवारीसाधन मात्रै प्रयोग गरिने वडा ३.२७ प्रतिशत रहेका छन् । सवारीसाधन प्रयोग नहुने वडाको संख्या एक हजार छ सय ६१ अर्थात् २४.६ प्रतिशत रहेका छन् ।

प्रतिवेदन सार्वजनिक कार्यक्रममा राष्ट्रिय योजना आयोगका सचिव तोयनारायण ज्ञवालीले यो तथ्याङ्कलाई सरकारको नीति तथा कार्यक्रम र बजेटमा जोड्ने र त्यसमा राष्ट्रिय योजना आयोगकोसमेत भूमिका रहने बताए । यो तथ्याङ्कले विकासका लागि क्षेत्रगत प्राथमिकता निर्धारणमा सघाउनेछ । दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि सन्दर्भ सामग्रीका रुपमा काम गर्ने र सेवा प्रवाहमा सघाउने अपेक्षा गरेका छौं- उनले भने ।

राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी अर्जुनप्रसाद पोखरेलले विकास पूर्वाधार बनाउँदा कुन वडालाई प्राथमिकतामा राख्ने र सम्बन्धित वडामा कस्तो खालको पूर्वाधारको आवश्यकता छ भनेर बुझ्न यो तथ्याङ्कले सहयोग पुऱ्याउने बताए ।

### मानवमा ...

भाइरस रिसर्च एन्ड डायग्नोस्टिक प्रयोगशालामा पठाइएको र त्यहाँको परीक्षणबाट उनलाई एच-९ एन-२ सङ्क्रमण पुष्टि भएको हो । बिरामीलाई मे १मा अक्सिजन सहयोगसहित अस्पतालबाट डिस्चार्ज गरिएको छ ।

डब्लुएचओले सङ्क्रमित बिरामी घर र वरपरको कुखुराको सम्पर्कमा आएका हुनसक्ने जनाएको छ । यद्यपि, यस सङ्क्रमणसँग सम्बन्धित परिवार, छिमेकमा वा वा स्वास्थ्यकर्मीमा श्वासप्रश्वासको रोगको लक्षणका ज्ञात व्यक्तिहरू नभेटिएको उल्लेख गरिएको छ । विश्वव्यापी मार्ग निर्देशन अनुरूप मानव र पशु दुवै क्षेत्रमा प्राविधिक सल्लाह, जोखिम मूल्याङ्कन र आकस्मिक योजना अद्यावधिक गरेर भारत सरकारलाई निरन्तर सहयोग प्रदान गरिरहेको डब्लुएचओले जनाएको छ ।


**राष्ट्रिय समाचार समिति**
**केन्द्रीय कार्यालय**
**रासस प्लाजा, काठमाडौं (फोन ५३६२५३९, ५३६२७२४)**

**सम्मानित श्री झापा जिल्ला अदालतबाट मिति २०८१।०२।२९ गते भएको अन्तरकालीन आदेश बमोजिम पसल कवलहरू र भवन खाली गर्ने ३५ दिने सूचना**

(प्रकाशित मिति : २०८१।०२।३१)

यस समितिको काँकरभिट्टास्थित पसल कवलहरू र भवन भाडामा लगाउने सम्बन्धी मिति २०८१।२।१४ गते जारी भएको सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना समेतकाबिरुद्ध सम्मानित झापा जिल्ला अदालत समक्ष वादी/निवेदक बलराम पोखेललगायतले यस समिति समेतलाई विपक्षी बनाई करारको प्रकृति अनुसारको गर्न नहुने कार्य रोकी पाउँ भन्ने मुद्दा (मु.नं २०८०-CP-२१८२) दायर गरी सम्मानित अदालतबाट सुनुवाई हुँदा मिति २०८१।०२।२९ गते अन्तरकालीन आदेश जारी भई मिति २०८१।०२।३० गते यस समितिको शाखा कार्यालय भद्रपुरमा तामेल भई सो शाखामार्फत जानकारी भएकाले उक्त सम्मानित अदालतको आदेश अनुसार पसल कवल र भवन भाडामा लिई व्यवसाय गर्ने व्यवसायीलाई सटर कवल खाली गर्न ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको आजको मितिले ३५ दिनभित्र पसल कवलहरू र भवन खाली गर्न व्यवसायीहरूको नाममा सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।



**नेपाल सरकार**
**उद्योग मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा २०७६।०९।१४ मा दर्ता भएको प्रा.लि. नं. २३१४५०को ए.टु.जेड. सेवा प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८१।०२।३०को निर्णय अनुसार कम्पनी ऐन, २०६३को दफा १२६को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

यस कम्पनीको सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम तथा कम्पनीको रजिष्ट्रार कार्यालयबाट मिति २०८९/०८/१८ मा स्वीकृत भई साविक कम्पनी क्रिएटिभ रिहाविलिटेशन सेन्टर प्रा.लि. (दर्ता नं. ३२४३५७/०८०/०८१) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने ऋण, धन, कर दायित्व आदि परिवर्तित नामको क्रिएटिभ एजुकेशन सेन्टर अफ स्पेशल चाइल्ड प्रा.लि. अंग्रेजीमा Creative Education Center of Special Child Pvt. Ltd. ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।



**डढेलोबाट बचौं र बचाऔं**

सानो असावधानीले डढेलोबाट जंगलमात्र होइन, आसपासका बस्ती समेत उजाड हुन सक्छन्
त्यसैले,
- सलाई, लाइटरजस्ता प्रज्ज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं, गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग आगो निभाऔं,
- जंगल र बस्तीका बीचमा अग्निरेखा निर्माण गरौं,
- जंगलमा आगो लगाउने व्यक्तिका बारेमा प्रहरीलाई खबर गरौं,
- आगो निभाउन जाँदा सुरक्षाका उपाय अवलम्बन गरौं,
- जन, धन र वनको संरक्षण गरौं,

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**







श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# बजारीकरणमा सघाऊ

**नेपाललाई कृषि प्रधान देश र तराईलाई अन्नको भण्डार भन्ने गरिएको छ । प्राचीन कालदेखि नै कृषि उत्पादनदेखि घरेलु उत्पादनमा आत्मनिर्भर नेपालको परिचय पछिल्लो कालमा आइपुग्दा परनिर्भर भइसकेको छ । कृषि पेशाभित्रै व्यावसायिकता खोज्न सरकारले अनेक कार्यक्रम ल्याएको पनि छ । अझ संघीयतापछिका दिनहरुमा कृषकलाई अनुदानमार्फत कृषि पेशालाई व्यवसायमुखी बनाउन प्रयत्न भइरहेको अधिकारीहरुले बताउने गरेका छन् । त्यसो त कृषिमा अनुदान दिने प्रचलन विकसित मुलुकहरुमा पनि छ, तर हामी कहाँ वास्तविक किसान समक्ष राज्यको अनुदान नपुगेको कृषकहरुकै गुनासो छ ।**

**सरकारले पछिल्लो समय कृषि कर्मलाई निर्वाहमुखीबाट व्यावसायिक बनाउने विविध कार्यक्रमहरु ल्याएको छ । त्यसमध्ये प्रमुख उत्पादन धान, मकै, सुपारी, फलफूल तथा तरकारी खेतीको प्रवर्द्धन गर्ने मुख्य हुन् । झापामा उत्पादनका आधारमा मकै तथा धान जोन भनेर क्षेत्र नै निर्धारण गरिएको छ । त्यस अनुसार किसान उत्साहित भएर प्रविधिसहितको कृषि कर्म गरिरहेका पनि छन् । तर, प्रमुख खाद्यबाली धानको उत्पादन गर्ने किसानहरु भने उत्पादित धान नबिकेर निराश भएका छन् । झापाको कचनकबल गाउँपालिका धान सुपरजोनको क्षेत्रमा पर्दछ । त्यहाँका किसानले कार्यक्रमबाट उत्साहित भएर चैते धानको व्यवसायिक खेती गरे । तर, अहिले उत्पादित धान नबिकेर सडकमा पोख्नुपर्ने अवस्थामा पुगेको भन्दै किसानहरु आक्रोश व्यक्त गर्न थालेका छन् ।**

**समस्या सरकारको नीतिमै छ । उत्पादनलाई जोड दिएपछि उत्पादित वस्तुको बजारीकरणको सुनिश्चितता राज्यको जिम्मेवारी हुनुपर्छ । किसानले उत्पादन गरेको वर्षौ धान व्यापारीले किन्न नमान्ने र मूल्य समेत कम पाउने भएपछि धान उत्पादक कृषक निरुत्साही हुने अवस्था छ । कुनै दिन प्रमुख धान निर्यातकर्ता नेपाल अहिले आयातकर्ता भएको सन्दर्भमा सरकारले यसको उचित प्रबन्ध गर्नुपर्ने उसको दायित्व नै हो । त्यसो नभएको खण्डमा एक दशकअघि घोषणा भएको धान सुपरजोनको औचित्य नै समाप्त हुने निश्चित छ ।**

# व्यक्तिगत सूचना सुरक्षा



**रुद्रप्रसाद अधिकारी**

सामाजिक सञ्जालमा उपलब्ध हुने एपको जथाभाबी प्रयोगले आफ्ना व्यक्तिगत सूचना सुरक्षाको चुनौती थपिएको छ। आफ्ना व्यक्तिगत सूचना कसरी ह्याकरका हातमा पुग्छन् भन्ने हेक्का नराख्नु, यस्ता विषयमा हेलचेक्रयाइँ गर्नु या सजगता नअपनाउँदा निकट भविष्यमा आफू साइबर आक्रमणको सिकार बन्न तयार हुनु हो। तसर्थ, सामाजिक सञ्जाल प्रयोगकर्ताले आफ्ना व्यक्तिगत सूचनाको सुरक्षाबारे गम्भीर हुन जरुरी छ। व्यक्तिका निजी सूचना जस्तैः नाम, ठेगाना, सम्पर्क नम्बर, परिचयपत्र या दर्ता नम्बर, जन्म या दर्ता मिति, इमेल ठेगाना, सफ्टवेयरमा प्रयोग हुने युजर नेम ( प्रयोगकर्ताको नाम), पासवर्ड, पासकोड, बैङ्क खाता विवरण आदि जसले व्यक्तिको पहिचान र अधिकारसँग सरोकार राख्छ, त्यस्ता सूचनालाई व्यक्तिगत सूचना भनिन्छ।

वर्तमान सूचना प्रविधिको युगमा व्यक्तिगत सूचना भनेकै व्यक्तिगत सम्पत्ति हो। व्यक्तिगत सूचनामा पहुँच हुनु भनेको व्यक्तिगत सम्पत्तिमा पहुँच हुनु हो। तसर्थ, व्यक्तिगत सम्पत्तिको रक्षार्थ व्यक्तिगत सूचनाको सुरक्षामा हामीले विशेष ध्यान दिनुपर्छ। घरमै बसेर सामाजिक सञ्जाल प्रयोग गर्दा होस् या कार्यालयमा विभिन्न किसिमका सफ्टवेयर चलाउँदा, बजारमा किनमेल गर्न जाँदा होस् या कुनै कार्यालयबाट सेवा लिन जाँदा नै किन नहोस्, कतै आफ्ना व्यक्तिगत सूचना कुनै माध्यमबाट गलत मनसाय भएका व्यक्ति वा समूहको नियन्त्रणमा त पुगेका छैनन् भनी चनाखो हुनै पर्छ।

विशेषगरी हामीले हाम्रो व्यक्तिगत सूचना रहेका नागरिकताको प्रमाणपत्र, सवारीचालक अनुमतिपत्र, मतदाता परिचयपत्र, राहदानी, कर्मचारी परिचयपत्र लगायतका विभिन्न परिचय खुल्ने कागजपत्रमा सुरक्षा सतर्कता अपनाउनु पर्छ। यस किसिमका कागजपत्रमा उल्लिखित व्यक्तिगत सूचना गोप्य राख्नुपर्ने हुन्छ, कुनै पनि किसिमको प्रलोभनमा परी कुनै पनि माध्यमबाट जानेर वा नजानेर अनाधिकृत व्यक्ति या समूहको पहुँचमा त्यस्ता सूचना पुऱ्याउने कार्य गर्न हुँदैन।

**व्यक्तिगत सूचना चुहावट हुने कारण**

हरेक क्षेत्रमा सूचना प्रविधिको बढ्दो प्रयोगसँगै विभिन्न किसिमका जोखिम बढ्दै गइरहेका छन्। पछिल्लो समयमा सूचना प्रविधिको दुरुपयोग गरी साइबर अपराध गर्ने व्यक्ति वा गिरोहले आमसर्वसाधारणलाई विभिन्न प्रलोभनमा पारी उनीहरूका व्यक्तिगत सूचना चोरी गर्ने प्रयास गरिरहेका छन्।

बजारमा कतिपय ठाउँमा निःशुल्क वाइफाई या निःशुल्क इन्टरनेट सुविधाको प्रलोभन देखाई सर्वसाधारणका लागि राखिएका नेटवर्क असुरक्षित हुन सक्छन्। त्यस किसिमका नेटवर्कको प्रयोग गर्नुअघि हामीले सावधानी अपनाउनुपर्छ। विशेषगरी त्यस किसिमका नेटवर्क प्रयोग गरी हामीले कुनै पनि किसिमको वित्तीय कारोबार नगर्नु नै उत्तम हुन्छ।

त्यसैगरी सामाजिक सञ्जालमा चिट्ठा, उपहार, पुरस्कार आदि पर्ने या परेको भन्दै विभिन्न प्रलोभन देखाई आउने लिङ्क जथाभाबी रूपमा खोल्ने, क्युआर कोड स्क्यान गर्ने तथा त्यस्तै किसिमका एपको जथाभाबी रूपमा प्रयोग गर्नाले पनि हाम्रा व्यक्तिगत सूचना चोरी हुने सम्भावना हुन्छ। कुनै प्रतिष्ठित कम्पनीको लोगो प्रयोग भई आउने सूचनाको आधिकारिकता जाँच गर्न सम्बन्धित कम्पनीकै वेबसाइट फलो गर्नु (पछ्याउनु) उपयुक्त हुन्छ।

**हामीले प्रयोग गर्ने सामाजिक सञ्जाल, मोबाइल**

बैङ्किङ एप, नागरिक एप, गेमिङ एप लगायतका विभिन्न मोबाइल एप्स तथा सफ्टवेयरमा प्रयोग गरिने पासवर्ड या पिनकोड अति कमजोर एवम् अनुमानयोग्य भएमा पनि ह्याकरले सजिलै पत्ता लगाउन सक्ने भएकाले हाम्रा व्यक्तिगत सूचना असुरक्षित हुन्छन्। तसर्थ, सहजताका लागि भन्दै छोराछोरी, श्रीमान् वा श्रीमतीको नाम, जन्ममिति, मोबाइल नम्बर आदिलाई पासवर्डका रूपमा प्रयोग गर्नुहुँदैन। साथै यस किसिमका व्यक्तिगत विवरण सामाजिक सञ्जालमा पोस्ट गर्ने र साझा गर्ने गर्नुहुँदैन। यसले थप जोखिम बढाउँछ।

साइबर अपराधीले व्यक्तिगत सूचना प्राप्तिका लागि विभिन्न किसिमका झुटा इमेल पठाउन सक्छन्। तपाईंलाई लाखौँको या करोडौँको चिट्ठा, उपहार, पुरस्कार आदि परेको छ र सोको दाबी गर्न या डेलिभरी गर्न तपाईंको नाम, ठेगाना या बैङ्क विवरण दिनुहोस्, हामी पठाइदिन्छौँ भन्दै इमेल पठाउन सक्छन्। त्यस्ता इमेलको सूक्ष्म तवरले आधिकारिकता जाँच गरेर मात्रै जवाफ दिने या नदिने यकिन गर्नु पर्छ।

**सूचना चुहावटबाट हुने असर**

साइबर अपराधीले हाम्रा व्यक्तिगत सूचनाको चरम दुरुपयोग गर्न सक्छन्। उनीहरूले हाम्रा सामाजिक सञ्जालमा उपलब्ध तस्वीर दुरुपयोग गरी विभिन्न अश्लील भिडियो बनाउन सक्छन्, अश्लील सामग्री बनाई इन्टरनेटमा राखिदन सक्छन् वा त्यस किसिमका सामग्री देखाई सार्वजनिक गरिदिने धम्की दिँदै हामीसँगै रकमको मोलमोलाइ गर्न सक्छन्।

अश्लील सामग्री बनाई इन्टरनेटमा राखिदनाले एकातर्फ हाम्रो इज्जत प्रतिष्ठामा दाग लाग्न सक्छ भने अर्कोतर्फ हामीलाई मनोवैज्ञानिक, सामाजिक, व्यावसायिक एवम् पेसागत रूपमा गम्भीर नकारात्मक असर पर्न सक्छ। कहिलेकाहीँ हामीले हाम्रा व्यक्तिगत सूचनाको सुरक्षामा हेलचेक्रयाइँ गर्नाले हाम्रो बैङ्क खातामा अनाधिकृत व्यक्तिको पहुँच कायम हुन गई हामीले ठूलो आर्थिक क्षति व्यहोर्नुपर्ने समेत हुन सक्छ। आफ्नै कमजोरीका कारणले बैङ्क खाताबाट बाहिरिएको रकम फिर्ता ल्याउन सकिँदैन। त्यसैगरी हाम्रो बौद्धिक सम्पत्ति चोरी हुन सक्छ, हाम्रो पहिचानको दुरुपयोग अरू कसैले गरी विभिन्न किर्ते, जालसाजी एवम् ठगी कार्य गर्न सक्छन् र हामीले नचाहँदा नचाहँदै अनावश्यक रूपमा कानूनी झन्झट व्यहोर्नुपर्ने अवस्था आउन सक्छ।



**रोकथामका उपाय**

व्यक्तिगत सूचना सुरक्षाका लागि सर्वप्रथम त व्यक्ति स्वयम् नै सचेत एवम् जिम्मेवार हुनु पर्छ। यसका लागि व्यक्तिले असुरक्षित नेटवर्क र जथाभाबी एपको प्रयोग गर्नुहुँदैन। आफूले प्रयोग गर्ने एप र सफ्टवेयरमा विशेष अक्षरयुक्त कडा पासवर्ड राख्नु पर्छ। अकाउन्टपिच्छे फरक-फरक पासवर्ड राख्ने र समय-समयमा परिवर्तन गर्नुपर्छ। जथाभाबी आउने लिङ्क खोल्ने र जुन पायो त्यही क्युआर कोड स्क्यान गर्ने गर्नुहुँदैन। सामाजिक सञ्जाल फेसबुक, मेसेन्जर, भाइबर, ह्वाट्स एप लगायत विभिन्न माध्यमबाट विभिन्नखाले प्रलोभन देखाई अनलाइन फाराम भर्न लगाइएको हुन सक्छ, त्यस्ता फारामको आधिकारिकता जाँच नगरी भर्नु हुँदैन। जोकोहीलाई आफ्ना व्यक्तिगत सूचना दिनु हुँदैन र भन्नु हुँदैन।

आफ्ना परिचयपत्र र गोप्य राख्नुपर्ने कागजात कहाँ कसरी प्रयोग भइरहेका छन् ख्याल गरी त्यस्ता विवरण सुरक्षित राख्न हरतरहका उपाय अपनाउनु पर्छ। हामीले सूचना सुरक्षाका अनेक उपाय अपनाउन सक्छौँ। आधिकारिक व्यक्तिबाहेक अन्य जोकोहीले बुझ्न नसक्ने गरी कोडिङ गरी राख्न सक्छौँ। त्यसैगरी पासवर्ड सुरक्षाका लागि टु फ्याक्टर या मल्टी फ्याक्टर अथेन्टिकेसन जस्तो इमेल र एसएमएसमा जानकारी प्राप्त हुने विधि प्रयोग गर्न सक्छौँ। साथै बायोमेट्रिक सुरक्षा जस्तो औँठाछाप, अनुहार वा आँखाको रेटिना पहिचान गर्ने विधि प्रयोग गरेर पनि सूचना सुरक्षित राख्न सकिन्छ।

हरेक कारोबारमा वान टाइम पासवर्ड ( ओटिपी)को प्रयोग गर्नाले कारोबारलाई थप सुरक्षित बनाउन सकिन्छ। हामीले हाम्रो आवश्यकता अनुसार आफ्ना मोबाइल, कम्प्युटर लगायतका उपकरणमा एन्टिभाइरस तथा एडब्लकर प्रयोग गर्न सक्छौँ। कुनै पनि प्रोग्राम या सफ्टवेयरको प्रयोग गर्नुपर्दा भरसक त्यस्ता सफ्टवेयरको जेन्युन भर्सन ( सक्कल प्रति) प्रयोग गर्ने गर्नुपर्छ। हामीले अत्यावश्यक एवम् महत्वपूर्ण सूचना छुट्टाछुट्टै स्थानमा डाटा ब्याकअपमा राख्ने व्यवस्था मिलाएर पनि सूचनालाई सुरक्षित गर्न सक्छौँ।

सूचना सुरक्षाका लागि गर्नुपर्ने अर्को महत्वपूर्ण कार्य भनेको समयानुकूल हुने गरी नीतिगत एवम् कानूनी व्यवस्था गर्नु हो। नेपालको सन्दर्भमा हालसम्म जुनसुकै सूचना प्रविधि सम्बद्ध कसुरलाई विद्युतीय कारोबार ऐन, २०६३ बमोजिम कारवाही गर्ने गरिएकामा यसलाई थप परिमार्जित र व्यवस्थित गर्दै व्यक्तिगत सूचना सुरक्षा सम्बन्धमा छुट्टै स्पष्ट नीतिगत एवम् कानूनी व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ।

सामाजिक सञ्जाललाई पनि थप नियमन गरी व्यक्तिगत सूचनाको सुरक्षा सुनिश्चिततासहित मर्यादित रूपमा सञ्चालन गरिनुपर्छ। इन्टरनेटको पहुँच वृद्धिसँगै व्यक्तिगत सूचना सुरक्षा चुनौतीपूर्ण बन्दै गइरहेको वर्तमान सन्दर्भमा आमसर्वसाधारणलाई सचेत गराउने, सुसूचित तुल्याउने लगायतका विभिन्न किसिमका डिजिटल साक्षरताका कार्यक्रमलाई पनि थप प्रभावकारी रूपमा विस्तार गर्नुपर्ने हुन्छ।

**उपचार**

अनेक उपाय अपनाउँदा अपनाउँदै पनि कहिलेकाहीँ अन्जानवश हाम्रा व्यक्तिगत सूचना अनधिकृत व्यक्तिको नियन्त्रणमा पुगेका हुन सक्छन्। यदि हामीले प्रयोग गर्ने सामाजिक सञ्जाल होस् या अन्य त्यस्तै एपको पासवार्ड चोरी भएको वा हुन सक्ने शङ्का लागेमा तत्काल पासवर्ड परिवर्तन गरेर मात्रै चलाउनु पर्छ। सामाजिक सञ्जालमा कसैको चरित्रहत्या गर्ने उद्देश्यले पोस्ट देखिन आएमा रिपोर्ट गरी हटाउन सुझाव दिन सकिन्छ।

त्यसैगरी हामीलाई आफ्नो युजर नेम र पासवर्ड मार्फत आफूले प्रयोग गर्दै आइरहेको सफ्टवेयर लगइन गर्न कठिनाइ भएमा तत्काल सिस्टम एडमिनिस्ट्रेटरलाई खबर गरी पासवर्ड रिसेट गरेर मात्रै उक्त सफ्टवेयर चलाउनु पर्छ। कसैले व्यक्तिगत सूचनाको दुरुपयोग गरी बैङ्क खातामा अनधिकृत पहुँच कायम गरी अनधिकृत रूपमा कारोबार गरेको पाइएमा तत्काल सम्बन्धित बैङ्कलाई जानकारी गराई खाता रोक्का राख्न सकिन्छ। यसो गर्नाले थप अनधिकृत कारोबार हुनबाट बच्न सकिन्छ। *गोप*

# किन खानैपर्छ फलफूल ?



बढ्दो गर्मीमा मानिसहरु चिसा खाद्यवस्तु र पेयपदार्थ खान रुचाउँछन् । सामान्यतया: दही, मही, फलफूल र जुसलाई नै चिसो खाद्य-पदार्थ भन्ने बुझिन्छ । तर, अहिले आकर्षक विज्ञापनको नक्कल गर्ने प्रवृत्ति र परिवर्तित जीवनशैली, देखावटी तथा अज्ञानताले शहरी क्षेत्रमा मात्र नभई गाउँमा समेत बट्टा तथा बोतलमा बन्द गरिएका फलफूल, तयारी जुस र कृत्रिम पेयपदार्थको चलन बढ्दो छ । यस्ता वस्तुहरु खाँदा स्वादिला भएपनि भोक मेटाउने, खानाप्रति रुची घटाउने र स्वास्थ्यमा नकारात्मक असर पार्ने हुन सक्छन् ।

ताजा फलफूल भिटामिन सी को उत्तम स्रोत हुनाले शिशुको दैनिक खानामा दूध बाहेक ताजा फलफूलको मनतातो रस पनि समावेश गर्नुपर्छ । फलफूलको रस प्रत्यक्ष तताउँदा भिटामिन सी नष्ट हुन सक्छ । त्यसैले तातोपानीको भाडोमा डुबाएर मनतातो पार्नुपर्छ । यसैगरी गर्भवती, सुत्केरी तथा भर्खर बिरामीबाट निको भएको अवस्थामा सागसब्जीको साथसाथै फलफूल दैनिक भोजनमा समावेश गर्नु जरुरी हुन्छ । दैनिक भोजनमा समावेश गरिने दुई सय ५० देखि तीन सय ग्राम फलफूल हुनुपर्छ ।

गर्भवती अवस्थामा गर्भमा रहेको शिशुका लागि थप पौष्टिकतत्व आवश्यक हुन्छ भने अर्कोतिर हेमोग्लोबिन बन्नका लागि आवश्यक पर्ने खनिज पदार्थ, लौहतत्व शरीरमा शोषण तथा उपयोगका लागि भिटामिन सी आवश्यक हुन्छ । कहिलेकाहीँ खानाबाट लौहतत्व प्राप्त भएता पनि शरीरको भिटामिन सीको कमीबाट यस तत्वको राम्ररी शोषण हुन नसकी एनिमिया हुन सक्छ ।

भिटामिन ए, इ र बी शाकाहारी खाद्यपदार्थ बाहेक अन्य खाद्यवस्तुमा पनि पाइन्छ । जबकि भिटामिन सी फलफूल र सागसब्जीमा मात्र पाइन्छ । रुचीको दृष्टिकोणले हेर्ने हो भने प्रायजसो बालबालिकालाई सागपातभन्दा बढी फलफूल मन पर्ने हुन्छ । सागपात खान नरुचाएमा त्यस्तो स्थितिमा फलफूलबाटै भिटामिन सी पूर्ति गर्नुपर्ने हुन्छ । यस बाहेक सबै फलफूल काँचै खान सकिने हुन्छ । तर, सागसब्जी पकाएर खानुपर्ने हुनाले सागसब्जी काटदा, पखाल्दा भिटामिन सी धेरै नष्ट हुन सक्छ ।

उखु बाहेक अन्य फलफूलमा कार्बोहाईडेट नगन्य मात्रामा हुन्छ । फलफूलमा प्रोटिन र चिल्लोपदार्थ हुँदैन । त्यसैले कम क्यालोरीको भोजनको योजना गर्दा फलफूल समावेश गर्नुपर्छ । भिटामिन सी बाहेक पँहेलो रंगको फलफूलमा बिटा क्यारोटिन भिटामिन ए पनि हुन्छ । फलफूल तथा सागसब्जीमा प्रशस्त एन्डिअक्सिडेन्ट तत्वहरु जस्तै भिटामिन ए, सी, ई र खनिज पदार्थ सेलिनियम हुने भएकाले मुटु सम्बन्धी रोगको सम्भावना कम गर्न यी तत्वहरुले मद्दत पुऱ्याउँछन् भन्ने अध्ययनले देखाएको छ ।

एन्टिअक्सिडेन्ट बढी हुने भएकाले ताजा फलफूल स्वास्थ्यको दृष्टिकोणले ज्यादै उपयुक्त हुन्छ । यसप्रकार दिनको एउटा स्याउ वा कुनै पनि ताजा फलफूल खाएर डाक्टरबाट टाढा रहन सकिन्छ । फलफूलको प्रकार अनुसार यसमा करिब ८५ प्रतिशत पानी हुन्छ । रस भएको फलफूलमा पानीको प्रतिशत बढी हुन्छ । गर्मी मौसममा पानीको आवश्यकता बढ्ने हुनाले भोजनमा समावेश गरेको फलफूलले केही हदसम्म पानीको पूर्ति गर्न मद्दत पुऱ्याउँछ । यी उल्लिखित विभिन्न गुणले गर्दा दैनिक भोजनमा फलफूलको समावेश अनिवार्य देखिन्छ ।

हुन त फलफूलमा पाइने पौष्टिकतत्वहरु सागसब्जीमा पनि हुने र सागसब्जी फलफूलको दाँजोमा सस्तो हुने भएकाले भोजनमा सागसब्जीलाई नै प्राथमिकता दिएको देखिन्छ । तर, भोजन सन्तुलित बनाउन ३० देखि ५० ग्राम फलफूल दैनिक भोजनमा समावेश भएको हुनुपर्छ । त्यसैगरी हाल तयारी तथा कृत्रिम तरिकाले बनाइएको फलफूलको जुस तथा पेयपदार्थको बढ्दो प्रयोगलाई हेर्दा मूल्य र पौष्टिक दृष्टिकोणले ताजा फलफूल र यसको रस सस्तो एवंम गुणस्तरीय हुने भएकाले यी तयारी खाद्यपदार्थको प्रयोगलाई निरुत्साहित गरी दैनिक भोजनमा ताजा फलफूलको प्रयोग हुनु जरुरी छ ।

# ब्राउनसुगरसहित दुईजना पक्राउ




**बिर्तामोड, जेठ ३०।** लागूऔषध ब्राउनसुगरसहित दुईजना पक्राउ परेका छन् । पक्राउ पर्नेहरूमा अर्जुनधारा नगरपालिका-३ मदनपुर बस्ने ३७ वर्षीय दिलबहादुर विश्वकर्मा र बिर्तामोड नगरपालिका-५ बस्ने ३८ वर्षीय सुमन भन्ने सूर्यवंशी राय रहेका छन् ।

अर्जुनधारा-३ मदनपुर टोलस्थित अस्थायी प्रहरी चौकी खुदुनाबारीबाट खटिएको प्रहरी गस्ती टोलीले शङ्कास्पद अवस्थामा विश्वकर्मालाई फेला पारी चेकजाँच गर्दा उनको साथबाट प्लास्टिकसहित एक ग्राम नौ सय ६० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । विश्वकर्मालाई पक्राउ गरी इलाका प्रहरी कार्यालय अनारमनिमा राखेर अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

त्यस्तै मेचीनगर-६ पुरानो मेची पुलमा प्रहरी टोलीले भारततर्फबाट भाडाको सिटी सफारीमा आउँदै गरेका सुमन भन्ने सूर्यवंशीलाई शङ्कित अवस्थामा फेला पारी सोधपुछ गर्दा उनको साथबाट प्लास्टिकसहित दुई ग्राम ५३ मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । रायलाई आवश्यक कारवाहीको लागि इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।



**मकै घर लैजाने तयारी** : सुनसरीको इनरुवाका किसान भाँचेको मकै घर लैजाने तयारी गर्दै । *तस्वीर : रासस*

# चैते धान बालीको अनुगमन

**अर्जुनधारा, जेठ ३०।** अर्जुनधारा-८ स्थित अर्जुनधारा नगर विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको आयोजनामा कृषि विज्ञहरुको संयुक्त टोलीबाट गत वर्ष नगरको विभिन्न क्षेत्रमा लगाइएको चैते धान बालीको अनुगमन तथा निरीक्षण गरिएको छ ।

संस्थाले चैते धान बाली बीज वृद्धि कार्यक्रम अन्तर्गत अर्जुनधारा-२, ४, ५, ७ र १० नं. वडाको एक सय हेक्टर क्षेत्रफलको जमिनमा चैते धानको मूल बीज चैते-५ र हर्दिनाथ-१ धान लगाएको संस्थाका अध्यक्ष प्रत्युस आजाद रानाले जानकारी दिए ।

कार्यक्रमको लागि धान बाली कटाई अघिको निरीक्षण गर्ने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरिएको अध्यक्ष रानाले बताए । 'अहिलेसम्मको अवस्थामा सबै बाली राम्रो भएको हुँदा आगामी




वर्षको लागि एक लाख ५० हजार केजी उन्नत र ५० हजार प्रमाणित बीज उत्पादन हुने विश्वास लिएका छौं ।' -उनले भने ।

अध्यक्ष रानाका अनुसार बीज वृद्धि कार्यक्रमको लागि सहयोगी संस्थाहरु अर्जुनधारा नगरपालिका अन्तर्गत कृषि विकास शाखाले ६० हेक्टर, जुटबाली अनुसन्धान कार्यक्रम इटहरीले २५ हेक्टर र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना इकाई झापाले १५ हेक्टरको लागि धानको बीऊ तथा नगद उपलब्ध गराएको बताइएको छ ।

अनुगमन तथा निरीक्षण टोलीले अर्जुनधारा-४ र ७ का कृषकहरु केदार खड्का, लीलाबहादुर कटुवाल, रीतादेवी कार्की, मदनराज भट्टराई लगायतको धान बालीको अनुगमन तथा निरीक्षण गरेको थियो ।

टोलीमा जुटबाली अनुसन्धान कार्यक्रम प्रमुख सन्तोष त्रिपाठी, धान बाली विज्ञ सुजन कार्की, बीऊ विजन प्रयोगशाला झुम्काकी खडा बाली निरीक्षक फूलकुमारी चौधरी, कृषि विकास शाखा प्रमुख एञ्जिला बेडारी, संस्थाका सदस्य खेम काफ्ले लगायतको सहभागिता रहेको थियो ।

# सामसङ टिभी खरिदमा अफर



**बिर्तामोड, जेठ ३०।** टिभी प्रविधिको क्षेत्रमा विश्वव्यापी रूपमा १८ वर्षदेखि निरन्तर अग्रणी रहेको ब्रान्ड सामसङले आगामी फुटबल सिजनको लागि नेपाली बजारमा विशेष अफर ल्याएको छ ।

फुटबल फ्यानहरूको लागि सामसङले नवीनतम् टिभीहरूमा ३८% सम्मको छुट प्रदान गर्ने जनाइएको छ । अफरमा चयन गरिएका ठूलो टिभी मोडलहरू खरिद गर्दा ग्राहकहरूले निःशुल्क साउन्डबार प्राप्त गर्न सक्ने योजना रहेको छ । अन्य टिभीसँगै खरिद गरिएका चुनिँदा साउन्डबारहरूमा ५०% सम्म क्यासब्याकको अफरपनि उपलब्ध रहेको कम्पनीले जनाएको छ ।

अफर सामसङ इन्स्टा फाइनान्सको साथ पनि प्राप्त गर्न सकिने बताइएको छ । ग्राहकलाई १८ महिना अवधिको लागि ०% ब्याज ईएमआईमा सामसङका नवीनतम् टिभीहरू खरिद गर्न सक्नेछन् । यस विशेष सेवाको लाभ लिन ग्राहकलाई मात्र आफ्नो नागरिकता पेश गरी इएमआई पाइने सुविधा पनि उपलब्ध गराइएको छ ।

ग्राहकको लागि आफ्नो पुरानो इलेक्ट्रोनिक्स उपकरण तथा टिभीहरूलाई arkostore.com मार्फत नयाँ सामसङ टिभीसँग साट्न, एक्सचेन्ज सेवा पनि उपलब्ध गराइएको छ। निःशुल्क इन्सटलेसन् सेवा र खरिद गरिएको टिभीमा तीन वर्षको पूर्ण वारेन्टी जस्ता सुविधाहरूले सामसङका ग्राहकहरूलाई झन्झटरहित उत्कृष्ट टिभी किन्ने अवसर प्रदान गरेको छ ।

अफरहरूको फाइदा लिनको लागि नजिकको आधिकारिक सामसङ डिलरमा जानकारी लिन सकिने बताइएको छ । यो अफर आधिकारिक वितरक हिम इलेक्ट्रोनिक्स प्रा.लि. र नेपालभर सामसङ टिभीको लागि आधिकारिक पुनबिक्रेता त्रिवेणी व्यापारद्वारा देशभरका डिलर नेटवर्क मार्फत उपलब्ध गरिएको हो । यो योजना असार ३१ सम्म लागू रहने छ ।

सामसङले परिवर्तनकारी सोचहरु र प्रविधिहरुका साथभविष्यलाई आकार दिन्छ अनिविश्वलाई प्रेरित गर्दछ । कम्पनीले टिभि, स्मार्टफोन, पहिरनयोग्य डिभाइस, ट्याब्लेट, डिजिटल उपकरण, नेटवर्क प्रणाली र मेमोरी, सिस्टम एलएसआइ, फाउण्ड्री र एलइडिको संसारलाई पुनःपरिभाषित गर्दैछ ।

सामसङको सम्बन्धमा नयाँ-नयाँ जानकारीहरु तपाईंले news.samsung.com को सामसङ समाचार कक्षबाट प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ ।

# एमाले अध्यक्षमा दंगाल

**कमल, जेठ ३०।** नेकपा एमाले कमल गाउँपालिका-३ नं. वडा कमिटीको तेस्रो अधिवेशनबाट अध्यक्षमा नरप्रसाद दंगाल निर्वाचित भएका छन् ।

कमिटीको उपाध्यक्षमा सन्तनाथ बानियाँ, सचिव महेन्द्र अर्याल, उपसचिव दिपचन्द्र लिम्बू र पूर्णकुमारी देवान, निर्वाचित भएको अध्यक्ष मण्डालका सदस्य मनोज गुरुङ्गले जानकारी दिए ।

त्यसैगरी सदस्यमा यशोदा भण्डारी, हेमबहादुर भण्डारी, लोकबहादुर बानियाँ, बिजय खतिवडा, मिलन अधिकारी, हप्रिसाद घिमिरे, शिवशंकर न्यौपाने, टिका राई, निर्मला बजगाई, मुकेश ठाकुर, राम बहादुर गुरुङ्ग, चित्ररेखा गुरुङ्ग, प्रकाश निरौला, विष्णुमाया खतिवडा, मिनाकुमारी खवास, देविमाया बानियाँ, भूमिका नेपाल, दुर्गाबहादुर थापा, राजबहादुर लिम्बू, विष्णुचन्द्र बोहोरा, हरिप्रसाद गौतम, होमराज लावती, शंकर दंगाल, देवीप्रसाद चापागाँई निर्वाचित भएको निर्वाचन समितिका संयोजक छत्र फागोले बताए ।

अधिवेशनबाट नवनिर्वाचित वडा कमिटीलाई एक औपचारिक कार्यक्रमको



आयोजना गरी सफथ ग्रहण तथा प्रमाण पत्र वितरण गरिएको थियो । जिल्ला कमिटी सदस्य तथा अध्यक्ष मण्डलका अध्यक्ष नारायणप्रसाद गौतमको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नव निर्वाचित वडा कमिटीलाई एमाले केन्द्रिय कमिटी सदस्य मेनुका काफ्लेले सपथ ग्रहण गराएकी थिइन् ।

कार्यक्रम केन्द्रिय कमिटी सदस्य काफ्लेसहित प्रदेश सल्लाकार कमिटी सदस्य बलराम गजुरेल, गाउँ कमिटी अध्यक्ष हरि ढकाल, सचिव विरेन्द्र अधिकारी, गाउँ कमिटी सदस्य अग्निप्रसाद कोइराला लगायतले नव निर्वाचित वडा कमिटीलाई कार्यकाल सफलताको शुभमानासहित आगामी २०८४ सालको स्थानीय निकायको चुनावमा एमालेलाई बहुमत ल्याउनेगरी पार्टी काममा लाग्न निर्देशन समेत दिएका थिए ।

कार्यक्रम जिल्ला कमिटी सदस्य चक्रबहादुर गुरुङ्गले सञ्चालन गरेका थिए भने नवनिर्वाचित अध्यक्ष नरप्रसाद दंगालले प्रतिबद्धता मन्तव्य राखेका थिए ।

# 'सिरिजङ्गाको गौरव कञ्चनजङ्घा' अभियान

**फुङ्लिङ, जेठ ३०।** ताप्लेजुङको सिरिजङ्घा गाउँपालिकालाई विश्वमा चिनाउन 'सिरिजङ्गाको गौरव कञ्चनजङ्घा' अभियान सञ्चालन हुने भएको छ ।

गाउँपालिकाले गत साता प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममा सो अभियान सञ्चालन गर्ने उल्लेख गरिएको छ । कञ्चनजङ्घा विश्वको तेस्रो अग्लो हिमाल हो ।

उक्त हिमाल ताप्लेजुङको सिरिजङ्घा र फक्ताङलुङ गाउँपालिकाको सिमानामा पर्दछ । उत्कृष्ट पर्यटकीय गन्तव्यका रुपमा सिरिजङ्घा गाउँपालिकालाई विश्वमा चिनाउन उक्त अभियान सञ्चालन गर्ने सिरिजङ्घा गाउँपालिकाले जनाएको छ ।

अभियान सफल बनाउन सिरिजङ्घा गाउँपालिका-७ याम्फुदीको आम्जी खोलाबाट नयाँ तुम्लुङ, दुन्दुडाँडा, नगर्चा र चैराम हुँदै कञ्चजङ्घा हिमालको आधार शिविरसम्म सङ्घीय सरकारसँग लागत साझेदारीमा शुरु भएको साहसिक पदमार्गलाई गाउँपालिकाले गौरवको आयोजनामा राखेको छ ।

## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| निदेश कुमार दास हलवाई | कोरोबारी-५ र ६ | २५८<br>१०८ | ०-४-१८<br>०-८-० | नकुल सतार/<br>नकुल तुरी |
| आजे कुमारी खनाल | जुरोपानी-१ | ३७२ | १६९२.९२ | मेहदर पटवारी/<br>मोहरलाल राव. व. |

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

काली बहादुर लिम्बूको छोराबुहारी पुर्णहाङ्ग लिम्बुको छोरी वीरहाङ्ग लिम्बूको पत्नी कोशी प्रदेश झापा जिल्ला भद्रपुर नगरपालिका वडा नं. ८ बस्ने हाङ्गमा लिम्बुनीले यस शाखामा बचत खाता नं. १८२१५२४१७००३२१ संचालन गर्दै आउनु भएकोमा मिति २०८०/०८/०२ मा निज खातावाला हाङ्गमा लिम्बुनीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको छोरा नाता पर्ने गौरब सुब्बाले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक खातावाला हाङ्गमा लिम्बुनीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको बिर्तामोड शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
**बिर्तामोड शाखा**
**मुक्तिचोक, बिर्तामोड, झापा**
**फोन नम्बर : ०२३-५३०९१०**


## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२
९८०१३६४०९३

उच्च गुणस्तर सुलभ मूल्य
## सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

**सम्पर्क :**
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा नपा- ४, झापा

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*



सम्पर्कः दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर
देवराज गिरी ९७०६१९६४०६ ९८४२०७०५८६
विशाल हरिजन ९८१४९१७७११ ९८४२७३३६१२

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई



बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्कः देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

**बिर्तामोड नगरपालिका**
बिर्तामोड, झापा, कोशी प्रदेश

नेपालीहरुको लागि भरपर्दो सेवा
## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर



Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकोले Royal Enfield को पाट्र्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

पानीटंकीको पहिलो गल्ली बायाँ साइड सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

*नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।*
Youtube Channel : Nishat M jotic kendra

## शोवर्मा पारखीहरूका लागि यम्मी शोवर्मा पोइन्ट अब बिर्तामोडमा



सम्पर्क
शनिश्चरे रोडदेखि अतिथि सदन जानेबाटो गोर्खा डिलर छेउ
मोबाइल : ९८१४०२१५१७

## बराल ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-जितपुर-मंगलबारे दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे

सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४ ९८४०३८७६७५
जीवन कार्की ९८१६९४०१७३
मे १ ज १६७०




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** पती, पत्नीबीच वादविवाद बढ्न सक्छ, अलिकति सतर्क रहनुहोला । तर, सन्तान पक्षबाट सुख मिल्नेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** खर्च बढेर जानेछ, काम सफलता नहुँदा मन खिन्न रहला, स्वास्थ्यमा गडबडीको योग छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** व्यापार-व्यवसायमा लाभ प्राप्त होला, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, रचनात्मक तथा कलाकारितामा मन जानेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** समय मिश्रित फलदायी छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ, खानपानमा ध्यान दिनुहोला, सानो काममा धेरै मेहनत गर्नुपर्ने योग छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** समय त्यति अनुकूल देखिएन, बोल्दा विचार पुऱ्याउनुपर्छ, खानपानमा ध्यान दिनुहोला । विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, खानपानमा ध्यान दिनहोला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** आज तपाईलाई डुबेको धन अकस्मात प्राप्त हुने सम्भावना छ, साथीभाइसँगको रमाइलो भेटघाटमा दिन बित्नेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ, धैर्य रहनुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** तपाईको आजको दिन लाभदायक रहेको छ, विशेष नाताबाट उपहार प्राप्त हुनेछ, मिष्ठान्न भोजन मिल्नेछ ।